# स्वत: प्रकाशन

## (Proactive Disclosure)

(सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ बमोजिम २०७८ वैशाख देखि आषाढ मसान्तसम्मको कार्यप्रगति सार्वजनिक गरिएको विवरण)



नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, पाल्पा

# प्रमुख जिल्ला अधिकारीको भनाई

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउनु यसको उद्देश्य रहेको छ ।

राज्यका काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी भई नागरिक प्रति जवाफदेही र जिम्मेवार हुने सुशासनको अवधारणा अनुरुप कार्य संचालन गर्न जिल्ला प्रशासन कार्यालयबाट सम्पादित नागरिकता, राहदानी, लगायतका दैनिक प्रशासन संचालन सम्बन्धी विषय समेटेर जिल्ला प्रशासन कार्यालय पाल्पाबाट २०७८ वैशाख १ देखि अषाढ मसान्तसम्म सम्पादन भएका कार्यहरुको अध्यावधिक गरी यो स्वत: प्रकाशन (Proactive Disclosure) प्रकाशन गरिएको छ ।

यसबाट नागरिकको सूचनाको हकको संरक्षण र संवर्द्धन भई प्रदान गरिने सेवामा आम सरोकारवाला व्यक्ति र निकाय सु-सुचित हुने विश्वास लिएको छ । साथै सूचनाको हक स्थापना गर्नका लागि जिल्ला प्रशासन कार्यालय, पाल्पाको अग्रसरता र प्रतिवद्धता सदैव रहने कुरा पनि उल्लेख गर्न चाहन्छु ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाल्पा

२०७८, साउन ४

(योगेन्द्र प्रसाद पाण्डे)
प्रमुख जिल्ला अधिकारी
**योगेन्द्र प्रसाद पाण्डे**
**प्रमुख जिल्ला अधिकारी**

अनुसूची-1

**सूचना सार्वजनिक गर्ने निकायको नामः-** जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**सूचना सार्वजनिक गरेको अवधिः-** २०७८ बैशाख, जेठ र आषाढ महिनाको विवरण।

## 1. जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वरुप र प्रकृतिः-

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत विशेष ऐनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र न्यायिक निर्णय गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्। यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सूसुचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी पारदर्शी र सुशासनयुक्त कार्य प्रणालि बनाउने उद्देश्य रहेको छ ।

**दृष्टिकोण**

जिल्लामा शान्ति सुरक्षा र सुशासन कायम गर्ने ।

**लक्ष्य**

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ । जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गर्नु यस कार्यालयको लक्ष्य रहेको छ ।

**उद्देश्य**

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने र सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## 2. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति, व्यवस्था र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने

स्रोत: प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

- जिल्लाभित्र नेपाल सरकार, जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिकाले संचालन गरेका विकास कार्यहरुमा सहयोग पुर्याउने।
- जिल्ला भित्र रहेका नेपाल सरकारको सम्पतिहरुको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
- राहदानी सम्बन्धी कार्य गर्ने ।
- संस्था दर्ता तथा नविकरण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
- जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।

## 3. जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी :-

**कर्मचारी दरबन्दी विवरण**

| सि.नं. | पद | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | प्रशासकीय अधिकृत | २ | २ | |
| ४ | नायब सुब्बा | ७ | ६ | |
| ५ | लेखापाल | १ | १ | |
| ६ | कम्प्यूटर अपरेटर | २ | १ | |
| ७ | खरिदार | ४ | ४ | |
| ८ | विवरण दर्ता अपरेटर | १ | १ | |
| ९ | हलुका सवारी चालक | २ | २ | |
| १० | कार्यालय सहयोगी | ७ | ७ | |
| | जम्मा | २८ | २६ | |

## 4. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवा/कार्यहरु :-

- शान्ति सुरक्षा सम्बन्धी
    - जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
    - सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।

स्रोतः जिल्ला प्रशासन कार्यालय, पाल्पा

- सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्ने स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने ।

- स्थानीय प्रशासन सम्बन्धी कार्य
  - नागरिकता वितरण
    - वंशजको आधारमा नागरिकता
    - अंगिकृत नागरिकता
  - राहदानी सिफारिस तथा वितरण।
  - नाबालक परिचयपत्र।
  - जनजाती/दलित प्रमाणित।
  - साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
  - हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
  - संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृति।
- अनुगमन सम्बन्धी
  - बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
  - जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
  - विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजिकरण।
- विपद व्यवस्थापन सम्बन्धी
  - जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
  - मनसुनपूर्व आपतकालीन कार्ययोजना
  - विपद् न्यूनीकरणका लागि तयारी
  - विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति
- द्वन्द्व पिडितहरुलाई राहत वितरण।
- मुद्दा तथा ठाडो उजुरी सम्बन्धी
  - सार्वजनिक मुद्दा।
  - गुनासो वा ठाडो उजुरी।
- हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी
  - हातहतियार नामसरी, नवीकरण र स्वामित्व हस्तान्तरण।
- संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा
  - संस्था दर्ता / नविकरण।
  - संस्थाको विधान संशोधन।

स्वत: प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

- राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा
  - नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
  - नेपाली नागिरकहरुको वैयक्तिक र जैविक विवरणहरुको केन्द्रकृत रुपमा भण्डारण गर्ने।
- विविध कार्य
  - गुनासो सुनुवाई गर्ने ।
  - विकास आयोजनाहरु कार्यान्वयनमा समन्वय गर्ने ।
  - स्थानीय तहहरुसँग समन्वय गर्ने ।
  - सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
  - नेपाल सरकार, गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय (५ नं. प्रदेश) लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने ।

### 5. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः-

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत |
| २ | मुद्दा तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत |
| ४ | अभिलेख व्यवस्थापन शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत |
| ५ | आर्थिक प्रशासन शाखा | मन बहादुर थापा, लेखापाल |
| ६ | राष्ट्रिय परिचयपत्र | विष्णु कुमारी खत्री, दर्ता कम्प्यूटर अपरेटर |

### 6. सेवा प्रदान गर्ने लाग्ने दस्तुर र अवधिः-

| सिं.नं. | सेवाको किसिम | दस्तुर | समय |
|---|---|---|---|
| १ | नागरिकता प्रमाण पत्र | | |
| | क) वंशजको आधारमा | रु. १० को टिकट | प्रकृया पुगेको दिन |

स्वत: प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

| | | | |
|---|---|---|---|
| | ख) नागरिकता प्रमाण पत्र नलिदै विवाह भएकी नेपाली महिलाको हकम | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | ग) बसाई सराईको हकमा | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | घ) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | ङ) नागरिकता प्रतिलिपि | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| २ | क) नाता प्रमाणित | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | ख) नाबालक परिचय पत्र | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | ग) नाम थर प्रमाणित | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | घ) पारिवारिक विवरण प्रमाणित | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | ङ) अन्य विवरण प्रमाणित | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | च) जनजाती प्रमाणित | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| ३ | ठाडो उजुरी | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| | ख) संस्था दर्ता | रु.१,००० ।– | प्रहरी प्रतिवेदन र सम्बन्धित |
| | ग) संस्था नविकरण | रु ५००।– | प्रकृया पुगेको दिन |
| | घ) पत्रिका दर्ता | रु.१,०००, ७५०, ५००, ३०० र २०० क्रमशः दैनिक, अर्थ साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | प्रकृया पुगेको दिन |
| | ङ) छापाखाना दर्ता | रु.१,००० ।– | प्रकृया पुगेको दिन |
| | च) हातहतियार इजाजत तोकिए बमोजिम | तोकिए बमोजिम । | प्रकृया पुगेको दिन |
| | छ) हातहतियार नवीकरण | तोकिए बमोजिम । | प्रकृया पुगेको दिन |
| | ज) शैक्षिक योग्यताको प्रमाण पत्रको आधारमा नाम थर उमेर संशोधन | रु. १० को टिकट | प्रकृया पुगेको दिन |
| ४= | राहदानी क) केन्द्रबाट लिनको लागि | रु.१००००।- | प्रकृया पुगेको दिन |

| | | | |
|---|---|---|---|
| | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु.१००००।- | प्रकृया पुगेको दिन |
| | ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | रु ५.५,००० ।— | प्रकृया पुगेको दिन |
| ५ | दैवि प्रकोप राहत | रु. १० को टिकट | प्रकृया पुगेको दिन |

**7. निर्णय गर्ने प्रक्रिया र अधिकारः-**

प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरुबाट कार्यान्वयन हुने ।

**8. निर्णय उपर उजुरी सुन्ने अधिकारीः-** प्रमुख जिल्ला अधिकारी

**9. सम्पादन गरेको कामको विवरणः- बैशाख, जेठ र आषाढ महिनासम्मको (त्रैमासिक)**

- जिल्लाका स्थानीय तह संग समन्वय गरि कोभिड महामारी नियन्त्रणका लागि स्वास्थ्य, सुरक्षाका मापदण्ड कार्यान्वयन गर्ने ब्यबस्था मिलाइएको ।
- जिल्ला प्रशासन कार्यालयको वेबसाइट तथा फेसबुक पेज मार्फत आम जिल्ला बासीलाई सतर्कता अपनाउन, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न सुसूचित गरिएको । Covid-19 New Variant समेतबाट बच्न आवश्यक सतर्कता अपनाउन जिल्लाका स्थानीय तह संग समन्वय गरिएको ।
- आबश्यक सुरक्षा सतर्कता अपनाई जिल्लामा शान्ति सुरक्षाको भरपर्दो ब्यबस्था मिलाइएको।
- जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुमा आइपरेका समस्या समाधानका लागि समन्वय तथा सहजीकरण गरिएको ।
- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियान सफलतापुर्बक संचालन गर्न जिल्लाका ९ वटा स्थानीय तहमा आबश्यक अभिमुखीकरण, समन्वय तथा सहजीकरण गरिएको।
- जिल्लाभर जम्मा ९४१११ नागरिकको राष्ट्रिय परिचयपत्र को लागि विवरण संकलन गरिएको ।

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

## यस अवधिको सेवा प्रवाहसम्बन्धि प्रगति विवरण तपसिल बमोजिम रहेको छ

| त्रैमासिक प्रगती विवरण बैशाख जेठ असार -२०७८ | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विषय | सम्पादन गरेको काम | बैशाख | जेठ | असार | जम्मा |
| १ | सेवा प्रवाह | नयाँ नागरिकता वितरण वशंज- | ६०० | ० | १०२ | 702 |
| २ | | वैवाहिक अंगीकृत नागरिकता | - | - | - | - |
| ३ | | प्रतिलिपि नागरिकता | ३०६ | 0 | ३७ | 343 |
| ४ | | राहदानी सिफारिस | १७९ | 0 | ८४ | 263 |
| ५ | | राहदानी द्रुत सिफारिस | २३ | 0 | २९ | 52 |
| ६ | | राहदानी वितरण | ३२० | 0 | १३९ | 459 |
| ७ | | संस्था दर्ता | २ | 0 | १ | 3 |
| ८ | | संस्था नविकरण | २ | 0 | १० | 12 |
| ९ | | हातहतियार नविकरण | ० | ० | १९ | 19 |
| १० | | मुद्दा दर्ता | १ | ३ | ० | 4 |
| ११ | | मुद्दा फैसला | १ | ० | ० | 1 |
| १२ | | नाबालक परिचयपत्र | १ | ० | ६ | 7 |
| १३ | | व्यक्ति प्रमाणित लगायतका सिफारिस | १६७ | ० | ५५ | 222 |
| १४ | | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १६९७२ | ० | ० | 16972 |
| १५ | महत्वपूर्ण बैठक | सुरक्षा समितिको बैठक | २ | ५ | ७ | 14 |
| १६ | | विपद् बैठक | ० | 0 | १ | १ |
| १७ | | DCMC बैठक | ५ | ४ | ४ | 13 |
| १८ | | कार्यालय प्रमुख बैठक | १ | ० | १ | 2 |
| १९ | | कार्यालय कर्मचारी बैठक | १ | ० | १ | 2 |
| २० | अनुगमन | कार्यालय अनुगमन | ० | ० | ० | 0 |
| २१ | | बजार अनुगमन | ० | ३ | १ | 4 |
| २२ | दैवि प्रकोप सम्बन्धी | दैवि प्रकोप पिडित परिवार संख्या | ० | ० | ५ | 5 |
| २३ | | दैवि प्रकोप पिडितलाई राहत रकम | ० | ० | २,५२,०००।- | 2,52,000।- |
| २४ | कोभिड१९ - सम्बन्धी (महिनाको मसान्तसम्म) | सक्रिय केस | १४८३ | ७०० | ४८५ | 485 |
| २५ | | क्वारेन्टिनमा रहेका व्यक्ति संख्या | ० | ० | ० | 0 |
| २६ | | मृत्यु | ६३ | ९८ | ११५ | 115 |

**कोभिड-१९ सम्बन्धी तथ्याङ्कीय विवरण (२०७८/०१/४)**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | क्वारेन्टिन बेड संख्या | २५१ |
| २ | क्वारेन्टिनमा बसेका व्यक्ति संख्या | ० |
| ३ | आइसोलेसन बेड संख्या | १६० |
| ४ | आइसोलेसनमा बसेका व्यक्ति संख्या (उपचारार्थ) | २७ |
| ५ | जम्मा संक्रमित संख्या (Total Positive Case) | २०३६ |
| ६ | निको भएको संख्या | १९६१ |
| ७ | मृत्यु भएको संख्या | ३८ |
| ९ | जम्मा स्वाब परिक्षण | १९०६३ |

**शव व्यवस्थापन सम्बन्धी**

- Covid-19 का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ बमोजिम जिल्ला संकट व्यवस्थापन समिति (DCMC) को निर्देशन तथा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, स्थानीय तह, स्वास्थ्य कार्यालय, अस्पतालहरुको समन्वयमा नेपाली सेनाबाट व्यवस्थापन गर्ने गरिएको। नेपाली सेना बाट ३२ जनाको र ४९ जनाको सम्बन्धित परिवारबाट शव ब्यबस्थापन भएको।

## शव व्यवस्थापन स्थल तोकिएको

| सि.नं. | गाउँपालिको नाम | **शव व्यवस्थापन स्थल** | **कैफियत** |
|---|---|---|---|
| १ | तानसेन न.पा. | - तानसेन न.पा. वडा नं ८ को खावा क्षेत्र<br>- ता.न.पा. १२ / १३ को सिमाना गाइघाटको जंगल क्षेत्र<br>- ता.न.पा. क्षेत्र भित्रका परम्परागत घाटहरु | |
| २ | माथागढी गा.पा. | - माथागढी गा.पा.को वडा न. ३ र ४ | |
| ३ | निस्दी ग.पा. | - निस्दी खोलाको ढुङ्गानावेसी घाट र वडा न. ४ मा पर्ने अरुणखोलाको जलुकेघाट | |

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

| | | | |
|---|---|---|---|
| ४ | रम्भा ग.पा. | - वडा नं १ हुंगीको - यालुङघाट / हुंगीघाट/ नाम्लेघाट/ डुम्म्रीकुनाघाट/ अर्सेदीघाट, वडा नं २ फोक्सीङकोटको - मोहने पिपलघाट/ हुंगीघाट/ अर्सेदीघाट/ राम्दीघाट, वडा नं ३ पिपलडाडा - राम्दीघाट / सहदीखोलाघाट,वडा नं ४ हुमिनको राम्दीघाट,- वडा नं ५ ताहूं - राम्दीघाट | |
| ५ | रिब्दीकोट गा.पा. | - कुसुमखोला - ५ टोप्रेडाडा | |
| ६ | बगनासकाली गा.पा. | शव व्यवस्थापनको लागि स्थल नतोकिएको - सम्बन्धित वडा बाटै शव व्यवस्थापन गर्ने | |
| ७ | तिनाउ गा.पा | - वडा नं. ५ को चर्चरे र गौडेपुलको बिच भागमा | |
| ८ | रामपुर न.पा. | वडा नं १ को - स्याली बजार घाट, वडा नं २ - निस्दी दोभान घाट, वडा नं ३ - केदादी घाट, वडा नं ४- वडभान घाट, वडा नं ५ - रामघाट, वडा नं ६ र ७ - परेवा घाट वडा नं ८ र ९ - भुजात घाट, वडा नं १० - झम्माखोला घाट | |
| ९ | पूर्वखोला गा.पा. | वडा नं १ सिलुवा र वडा नं २ जल्पा बच पर्ने जमले घाट | |

**विपद् व्यवस्थापन सम्बन्धी मुख्य कार्य**

- विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण ऐन २०७४ को परिच्छेद ७ को दफा १६ बमोजिम जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठक भर्चुअल माध्यमबाट २०७८/३/७ मा बसी बिभिन्न निर्णयहरु गरिएको ।
- जिल्ला विपद पूर्वतयारी तथा मनसुन प्रतिकार्य योजना, २०७८ र विपद प्रतिकार्य योजना, २०७८ तयार गरि कार्यान्वयन भैरहेको ।
- स्थानीय विपद् व्यवस्थापन समितिहरु संगको समन्वयमा विपद् प्रतिकार्य योजना कार्यान्वयन भइरहेको ।
- विपदका घटनाहरुबाट पिडितहरुलाई तत्काल उद्दार र राहतको ब्यबस्था मिलाईएको । यस अबधिमा ७ परिवारलाई कुल रु ४,५९,०००।- राहत रकम उपलब्ध गराईएको।

**10. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः-**

(क) कार्यालय प्रमुखः-

नाम : योगेन्द्र प्रसाद पाण्डे

पद : प्रमुख जिल्ला अधिकारी

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

(ख) गुनासो सुन्ने अधिकारी / सूचना अधिकारीः-

नाम : शशीधर घिमिरे

पद : सहायक प्रमुख जिल्ला अधिकारी

**11. ऐन नियम विनियम वा निर्देशिकाको सूचीः-**

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन तथा नियमावली, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- संस्था दर्ता ऐन तथा नियमावली, २०३४
- मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ र फौजदारी कसूर निर्धारण तथा कार्यान्वयन ऐन, २०७४
- हातहतियार तथा खरखजान ऐन, २०१८
- राहदानी ऐन, २०६७
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- गृह प्रशासन सुधार कार्य योजना, २०७४
- नागरिकता वितरण कार्यविधि निर्देशिका
- मन्त्रालयबाट भएका परिपत्र

**12. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

→ कुल राजस्व: **(आ.व. ०७७/०७८ असार मसान्तसम्म)** रु ५९,४६,०४०

→ **आ.व. ०७७/०७८ को** कुल खर्च रकमः- (चालु) १,४८,३९,५७७ **-८७.९५%**

(पूंजीगत तर्फ) १२,४६,४२८ **-९५.८७%**

**13. तोकिए बमोजिमका अन्य विवरणः**

→ कोभिड-१९ का कारण मिति २०७८/०१/१७ गते देखि निषेधाज्ञा जारी भै सेवा प्रवाह प्रभावित भएकोमा हाल मिति २०७८/०३/२५ गते देखि नियमित रुपमा सेवा प्रबाह भईरहेको ।

→ सेवाग्राहीहरुको सुविधालाई ध्यानमा राखी कर्मचारी मिलन केन्द्र, पाल्पा तथा गोरखदल गणको सहयोगमा आकर्षक प्रतिक्षालय निर्माण गरिएको ।

स्वतः प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

**14. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः-**

नभएको ।

**15. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरणः-**

- → वेभसाईटः- http://daopalpa.moha.gov.np
- → ईमेलः- daopalpa@gmail.com
- → Facebook :- https://www.facebook.com/dao.palpa.148
- → फोन नं. 0७५-520१२३, 0७5-520१२४, 0७5-52०१२५, ९८५७०६०३३३

**16. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः-**

नभएको ।

**17. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः-**

नभएको ।

**18. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-**

**19. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः-**

**20. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः-**

कार्यालयको WebSite (https://daopalpa.moha.gov.np) र

Facebook (https://www.facebook.com/dao.palpa.148) मा प्रकाशन गर्ने गरिएको ।

स्वत: प्रकाशन जिल्ला प्रशासन कार्यालय, पाल्पा

## कार्यालयका सूचना अधिकारी र गुनासो पेटिका




